Secondary Education Board of Assam (SEBA)

Class 9 & Class 10 Syllabus

नेपाली : प्रथम भाषा (Nepali MIL)
SUJECT CODE - 10
नवौं श्रेणी र दसौं श्रेणी

भूमिका

प्रथम भाषाको माध्यममा भाषा शिक्षको कौशल–श्रवण, कथन, पठन र लेखनको अभ्यास औ विकासको ध्येय ध्यानमा राखी यो पाठ्यक्रम निर्माण गरिएको हो। प्रथम भाषा सर्ब भाव एवं विचारको आदान प्रदानको माध्यम हुनुका साथै यसले सामाजिक र सांस्कृतिक मूल्य र मान्यता, साहित्य–रस आदि ग्रहण गर्नुमा विद्यार्थीलाई अधि बढाउँदै लाल सकोस् त्यसतर्फ नजर राखिएको छ। वर्तमान सभ्यताको अधुनिकीकरण–वैश्र्वोकरणभा रोजगारका अनेक नयाँ–नयाँ मार्ग खुलेका छन्। यस्तो नयाँ प्रयोग नीतिमा यो भाषा शिक्षणबाट विद्यार्थीवर्ग लाभान्वित हुन सकून् यसप्रति विशेष ध्यान दिइएको छ। जीवन, भाषा तथा साहित्यसित सम्बन्धित विषयवस्तु गुणस्तर अनुसार विभित्र कक्षामा सत्रिविष्ट गर्ने चाँजो मिलाइएको छ।

भाषा शिक्षणकौ उद्देश्य हो – भाषालाई व्याकरण हिज्जे आदि विधिपूर्वक शुद्ध रूपले सिकाउनु। यसका साथै विद्यार्थीलाई साहित्यको रसास्वादन गराउनु, राष्ट्रियताबोध, देश तथा समाजप्रति प्रेम, स्व–जातीय–संस्कृति, दया आदि जस्ता मानवीय गुणहरूको विकास गराउनु पनि महत्वपूर्ण उद्देश्य हो। सामाजिक र सांस्कृतिक मूल्यवोधद्वारा प्रेरित भएर आफैलाई विकसित तुल्याउन सक्ने गरी विद्यार्थी लायक बनाउनु नै भाषा शिक्षकको एउटा जिम्मेवारी हो। प्रकृतार्थमा, प्रथम भाषा शिक्षणद्वारा सिफारूलाई मानव चरित्र समात्र नागरिकका रूपमा निर्माण गर्नु नै यसको ध्येय हो।

सामान्य उद्देश्य :

१:०० अहिलेसम्म उच्च प्राथमिक स्तरमा सिकेर आएका भाषाका विविध पक्षहरूमाथि गहिराइका साथ सम्झी, बुझी, जानकारी हासिल गर्नु एवं तिनीहरूलाई व्यवहारिक जीवनमा प्रयोग गर्न सक्षम हुनु।

१:०१ भाषाका नयाँ नयाँ दिशाका ज्ञान आर्जन गरी त्यसको विश्लेषण गर्ने योग्यता हासिल गर्नु।

१:०२ भाषातत्त्वको ज्ञान तथा भाषिक कौशलको क्षमता वृद्धि गर्नु

१:०३ मौखिक अभिव्यक्तिको विकास गरेर सामाजिक दायित्ववोध वृद्धिकरण।

१:०४ श्रवण, कथन, पठन तथा लेखनको गतिवेग वृद्धि गर्नु।

१:०५ कुनै चर्चा, तर्क प्रतियोगिता, सभा–समिति र भेलादिमा भाग लिनु र सञ्चालन गर्नै योग्यता अर्जन गर्नु।

१:०६ कुर्न घटना वा समस्या, विषय आदिमाथि आफ्नो मत उपस्थापन गर्न सक्नु र समाधान गर्न सक्ने ज्ञान आहरण गर्नु।

१:०७ नयाँ पक्ष/धारा, दर्शन शिक्षार्थीकेन्द्रिक, मनोरञ्जक, कार्यआधारित, योग्यताआधारित ज्ञान आहरण गरेर व्यवहारिक जीवनमा प्रयोग गर्न सक्नु र नेतृत्व गर्न सक्ने ज्ञान आर्जन गर्नु।

१:०८ कुनै विषय वा कार्य पर्यवेक्षण गरेर आफनो अभिव्यक्ति व्यक्त गर्न सक्ने योग्यता आर्जन गर्न।

१:०९ भाषा र साहित्यको अध्ययनद्वारा विभिन्न भाषिक साहित्य–संस्कृतिप्रति आकर्षित हुनै मानसिकता आर्जन गर्नु।

१:१० सृष्टिशील प्रतिभाको विकास साधन गने प्रयास गर्नु।

शिक्षणीय क्षेत्र :

विशेष उद्देश्य :

२:०० **श्रवण-कथन**

२:०१ कुनै घटना, वक्तृता, चर्चा, कथादि सुनेर, बुझेर हृदयङ्गम गरी राम्ररी भत्र सक्नु र व्यवहारिक जीवनमा प्रयोग गर्नें सामर्थ्य हासिल गर्नु।

२:०२ मनोरञ्जक अनुष्ठान आदि देखेर, सुनेर आनन्द लाभ गर्नका साथै आफू पनि सहभागी हुनु।

२:०३ भत्रेको वक्तव्य, आचार–व्यवहार आदि विश्लेषण गरी मूल्याङ्कन गर्न सक्नु।

२:०४ कुनै वृत्तिमूलक भाषण, चर्चा आदि सुनेर वैज्ञानिक दृष्टिकोण निर्माण गरी जीवनका लागि प्रोत्साहन प्राप्त गर्न सक्नु।

२:०५ अन्धविश्वास, कुसंस्कार आदिलाई विश्लेषणात्मक दृष्टिकोण विचार गरी वैज्ञानिक मनोभाव गठन गर्नु।

२:०६ मनमा उदय भएका भाव अनि अर्काले गरेका प्रश्न वा कुरा धैर्यताका

साथ सुनेर तत्काले उत्तर दिन सक्नु र अफनो प्रतिक्रिया प्रकाश गर्न सक्नु।

२:०७ वाक्यका विराम चिह्न, श्वराघ्रात आदिको रक्षा गरी शुद्ध र स्पष्ट रूपमा उच्चारण गर्न सक्नु।

२:०८ विभित्र गीत, कविता, संलाप, हाजिरी वक्तृता, तर्क, कुइज आदि प्रतियोगितामा सहभागी हुन सक्नु।

२:०९ आनुष्ठानिक र गैर आनुष्ठानिक रूपमा व्यक्ति र जनतालाई आदर–सत्कार उनाउनु र आज्ञा, अनुरोध, सम्वोधन व्यक्त गर्नु एवं ग्रहण गर्न सक्नु।

२:१० दृश्यमान कार्य वा घटनाको चल्ती विवरण दिन सक्नु।

२:११ ठूला–साना–दौंतरीअनुसार शिष्टाचार रक्षा गरी कुराकानी गर्न सक्नु।

२:१२ लिङ्ग–समता र मर्यादा रक्षा गर्ने मानसिकता निर्माण गरी परिवेस–परिस्थितिसापेक्ष भाषा–शैली प्रयोग गर्न सक्नु।

२:१३ अर्काको भाषा र कथन–भङ्गीप्रति आदर गर्नु।

३:०० पठन-लेखन :

३:०१ शुद्ध उच्चारण, ध्वनिको आरोह–अवरोह, लय, श्वराघात र पठनको गति नियन्त्रणमथि गुरूत्व दिई शब्द, वाक्यादि पढ्न र लेख्न सक्नु।

३:०२ भावानुसार वाक्यको आरोहण र अवरोहण रक्षा गरी पढ्न र द्रुतगतिमा राम्ररी पढ्न सक्नु।

३:०३ पठन–लेखनका समयमा विराम चिह्नमाथि महत्व दिनु। (पूर्णविराम, अर्धविराम, भाववोधक, प्रश्नवोधक आदि)

३:०४ कक्षानुसार पठन र लेखनके गति वृद्धि गर्नु।

३:०५ मानचित्र, विभिन्न सूची, कहानी, विभिन्न रूचिका कविता, निबन्ध, चिठी, डायरी आदि देख्नु–सुन्नु अनि पढ्न–बुझ्न सक्नु र आफू पनि लेख्न समर्थ हुनु।

३:०६ देखेका–सुनेका स्मरणीय घटनादि र आफ्नो जीवनका अनुभव, आत्मसंस्मरण आदि लेख्न सक्नु।

३:०७ अन्तर्राष्ट्रिय, राष्ट्रिय, स्थानिय कला–कृष्टि र संस्कृतिमूलकका साथसाथै लोकसंस्कृति वा जनकृष्टिका बारेमा पढेर, मूल्य बुझेर जातीय प्रेरणा प्राप्त गर्नु।

३:०९ व्यवहारिक जीवनमा व्यकरणको शुद्ध प्रयोग गर्नु।

४:०० चिन्तन :

४:०१ पढेका–सुनेका तथ्य, घटनादि, क्रमानुसार विचार–विमर्श गर्ने क्षमता आर्जन गर्नु र तिनिहरूको कार्य, कारण र फल निर्णय गरी तुलना गर्न सक्नु।

४:०२ कुनै विषयवस्तुको पक्ष वा विपक्षमा आफनो युक्ति र भाव चिन्तन गर्नका साथै सिद्धान्तमा उपनीत भै विचार व्यक्त गर्न सक्नु।

४:०३ सत्य–असत्य निक्योंल गर्न सक्नु।

४:०४ जातीय कला–कृष्टिप्रति समादर गर्न सिक्नु र परम्परा र धरोहर सम्बन्धमा वैज्ञानिक मनोभाव सृष्टि गर्नु।

५:०० पाठमा प्रतिफलित हुनुपर्ने पक्षहरू

राष्ट्रिय शिक्षानीतिका मूल दसवटा उपादानहरू:

भारतीय स्वतन्त्रता सङ्ग्रामको इतिहास

संवैधानिक जिम्मेवारी

जातीय पहिचान परिपुष्टिका लागि आवश्यकीय संसाधन

भारतको साझा सांस्कृतिक धरोहर

साम्यवाद, गणतन्त्र र धर्मनिरपेक्षता

लिङ्ग समता (पुरूष र महिला)

पर्यावरण संरक्षण

सामाजिक भेदभाव दूरीकरण

सानो परिवारको आदर्श ग्रहण

वैज्ञानिक दृष्टिभङ्गी आहरण

साथै भारतीय र जातीय साहित्यको स्वरूप अनुधावन

सामाजिक जिम्मेवारी (जनताको सम्पत्ति सुरक्षा), हिंसा–सन्त्रास, आतङ्कादिबाट टाढा रहनु, सत्यवादिता, सचेतनता, शिष्टाचार, सेवा–मनोभाव, सहयोगिता, सममर्मिता, समयको सदुपयोग, अहिंसा, दायित्वबोध, निष्ठा, दया, करूणा, सहनशीलता, देशप्रेम, श्रम–मर्यादा, वातावरण सचेतनता, विश्व भातृत्व, नेतृत्व, अनुकम्पा, कृष्टि–संस्कृति प्रति श्रद्धा, आत्मविश्वास, स्पष्ट एवं द्रुत सिद्धान्त, साहसिकता र प्रमूल्यबोध आदि।

यसबाहेक पिछडिएका विद्यार्थीहरूको विकास, अहिंसा नीतिको उपलब्धि,

जीवन धारणको कौशल र कर्म-संस्कृति सृष्टि गर्नु, नान्दनिक अनुभूतिको विकास साधन आदि पक्षहरूप्रति गुरूत्व दिइएको छ।

५.०१ पाठको प्रकार:

पाठ्यपुस्तकमा निबन्ध, जीवनी, आत्मजीवनी, कथा, पत्रकारिता, नियात्रा, नाट्यांश आदि साहित्यिक रूप (वर्णनात्मक, संलाप, नाट्यरूप, समालोचनात्मक), रसहरु प्रतिफलित हुने पाठहरूसमावेश गरिने छ।

५:०२ शैली : पाठ्यपुस्तकमा प्राचीन, रोमान्टिक र साम्प्रतिक युगका लेखादि समावेश गरिनेछ।

५:०३ व्यवहारिक पक्ष : बाटो-घाटो,समयसुची (रेल, बस), सम्पर्क व्यवस्था (पिसिओ, तारवार्ता), आकाशवाणी, समाजार पत्र, दूरदर्शन, कम्प्युटर, स्थानीय निकाय (पञ्चायत, पुलिस, अड्डा-अदालत), राज्यिक र सहयोगी भाषाको भूमिका सम्बन्धमा जात्र आवश्यक।

५:०४ : पाठ चयन :

उपर्युक्त शिक्षणीय पक्षहरू प्रतिफलित हुनका लागि निम्न उल्लेखित विषयवस्तुलाई लिएर पठ जयन गरिने छ।

नवौं श्रेणीको पाठ्यक्रम :

गद्य भाग : ऐतिहासिक घटना, खेलकुद, जीवनी (राष्ट्रिय /अन्तर्राष्ट्रिय), रिपोर्टाज, कला-सङ्गीत, जातीय पहिचान, स्वतन्त्रता सङ्ग्राम, जातीय संहति, वृक्तिमूलक विषय, श्रमको मर्यादा, स्वदेशप्रेम, असमको भाषिक चिन्हारी, जनजातीय कथा, नियात्रा, वैज्ञानिक दृष्टिभङ्गी, पकृति सम्बन्धी, ऐक्य र संहति, मूल्यबोध सम्बन्धी विषयहरू र साहित्यको विश्वजनीन आवेदन सम्बन्धका विषयहरू।

पद्य भाग : आध्यात्मिक, दार्शनिक, नीतिमूलक, देशप्रेममूलक, प्रकृतिविषयक, ऐक्य र संहति, मूल्यबोध सम्पर्कीय विषय र साहित्यको विश्वजनीन आवेदन सम्पर्कीय विषय।

द्रुतपाठ : विविधतापूर्ण असम

व्याकरण : नाम, सर्वनाम, क्रियापद, लिङ्ग, बचन, शब्दका विविध प्रयोग, समानार्थक र विपरीतार्थक शब्द भाव विस्तार, सारांश लेखन, पत्र लेखन, कथा विस्तार र निबन्धलेखन।

निबन्ध : चिन्तनमूलक /वैज्ञानिक /चाडपर्वविषयक /समस्याविषयक।

५:०५ प्रत्येक पाठका अन्तमा भाषाको योग्यता विकाश हुने गरी कार्यकलाप समावेश गरिने छ। यसका आधारमा व्यवहारिक व्याकरणको धारणा, अभ्यास, टिप्पणी आदि समावेश गरिने छ।

५:०६ नवौं र दसौं श्रेणीका पाठ्यपुस्तकहरू 'क', 'ख' भनी भाग भाग गरी छुट्याउन सकिन्छ। तर नेपाली पाठ्यपुस्तकमा नयाँ–पुराना सबै प्रकारका लेखकका लेखादि समेटेर एउटै भागमा राखिएको छ। त्यसैले क भाग ख भाग भनेर छुट्याइएको छैन। पूर्णाङ्क १०० राखिएको छ।

६:०० सिकाउनु–सिक्नुको गुरूत्व :

६:०१ शिक्षणीय गुरूत्व :

पाठ आदानप्रदानमा	–	४५ प्रतिशत
कार्यकलापमा	–	२५ प्रतिशत
व्याकरण र रचना	–	१५ प्रतिशत
व्यवहारिक पक्षमा	–	८ प्रतिशत
योजना, सिर्जनामूलक कर्म	–	५ प्रतिशत
परिपूरक व्यवस्था	–	२ प्रतिशत
		१०० प्रतिशत

६:०२ समयको गुरूत्व : वर्षभरिको कर्मदिन २६० भित्र विद्यालयका अन्यान्य कर्मका लागि १९ दिन र परीक्षाका लागि १७ दिन छोड्दा पाठदानका लागि २२४ दिन पाइन्छ। हप्ताको छ पिरियड गरेर वर्षदिनमा प्रथम भाषाका लागि २५९ पिरियड पाइन्छ। पाठ आदानप्रदानका लागि निम्न लिखित पिरियड निर्धारण गरिनेछ।

गद्य – १११ पिरियड, पद्य – ७४ पिरियड, व्याकरण – ३७ पिरियड, रचना – ३७ पिरियड

समयसापेक्ष बद्लियो भने शैक्षिक दिनपञ्जीमा उल्लेख गरिनेछ।

६:०३ मूल्यायनका धारणाहरु आदर्श प्रश्न पत्रमा समावेश गरिनेछ।

६:०४ पाठदेखि बाहिरका शिक्षणीय क्षेत्रहरू, जस्तै–हाजिरी वक्तृता, तर्क प्रतियोगिता, पुस्तकालय अध्ययन, कविता लेख्नु, भित्तेपत्रिका, पत्र–पत्रिका समाचार–पत्र पढ्नु, अन्तर्वार्ता, सांस्कृतिक कार्यक्रममा सहभागी हुनु, व्यायाम आदि सामग्रिक र अविरत मूल्यायनका पुस्तक र शैक्षिक दिनपञ्ज आदिमा समावेश गरिएको छ।

७:०० पाठ्यपुस्तकको योजना /कलेवर /आकार निर्धारण :

नवौं र दसौं श्रेणीका लागि बेग्ला–बेग्लै पाठ्यपुस्तक (साहित्य) हुनेछन् दुवै श्रेणीका लागि एउटै व्याकरणको पुस्तक रहने छ।

पाठ्यपुस्तकमा ७० प्रतिशत गद्य र ३० प्रतिशत पद्य रहनेछ।

दुवै श्रेणीका पाठहरूमध्ये ४० प्रतिशत साहित्यकेन्द्रीक हुनेछ। पाठ्यपुस्तकके पृष्ठसंख्या १५० भित्र हुनेछ। आकार १/८ डिमाई, अक्षर १२ प्वाइन्ट र टिप्पणी, अभ्यास, निर्देशन आदि १० प्वाइन्टमा लेखिने छ।

८:०० मूल्यायन :

८:०१ विद्यार्थीहरूले भाषाका योग्यताहरू प्रत्येक श्रेणीमा कति आयत्व गरे त्यसलाई मूल्यायनका माध्यमाबाट जान्न सकिन्छ। पाठ्यपुस्तक र पाठबाहिरका दुवै क्षेत्र सामग्रिक रूपमा मूल्यायनको व्यवस्था रहने छ। प्रत्येक एकाइ (युनिट) का सामयिकी मूल्यायनद्वारा पछाडिएका विद्यार्थीहरूलाई पहिचान गरी परिपूरक (remedial) शिक्षणद्वारा उनीहरूलाई पनि अघि बढाएर लानु पनेछ। अर्कातिर शिक्षक /शिक्षिकाहरूले पनि आफनो शिक्षण पद्धति /कौशलमा रहन गएका भूल–त्रुटिहरू सैच्याई सूधारमूलक पद्धति /कौशल ग्रहण गर्न सक्नेछन्। मूल्यायनद्वारा विद्यार्थीहरूको विद्यायतनिक र सह विद्यायतनिक दुवै क्षेत्रकै मूल्यायन गरिने छ। यो पद्धति सम्बन्धमा सबै कुराहरू परिषद्द्वारा शैक्षिक दिनपञ्जी र Continuous and comprehenshive Evaluation नामक दूई पुस्तकमा विस्तारपूर्वक लेखिएको छ।

विद्यायतनिक क्षेत्रका मूल्यायनका लागि यसरी अङ्क वितरण गरिएको छ:

गद्य	–	३५
पद्य	–	२५
विस्तृत अध्ययन	–	१०
व्याकरण	–	१५
शब्दका विविध प्रयोग		
भावविस्तार /सारांश /अनुवाद		
दर्खास्त लेखन	–	८
निबन्ध लेखन	–	७
मोठ अङ्क	–	१००

नेपाली मातृभाषा विषयको प्रश्नपत्रको खाका र पाठ्यक्रमको विषयवस्तु

Subject Code – 10

Class - IX

कक्षा - ९ **पाठ्यपुस्तक** - नेपाली साहित्य प्रवेश भाग - ९

समय - ३ घण्टा पूर्णाङ्क - १००

खण्ड	एकाइ र पाठ	अर्धवार्षिक परीक्षा (अङ्क)	वार्षिक परीक्षा (अङ्क)	कुल अङ्क
गद्य	२. मोतीराम भट्ट – नेपाली साहित्यका एक युग प्रवर्तक प्रतिभा ३. लुरे गुफामा पस्दा ५. मास्टर मित्रसेन थापा – नेपाली सङ्गीतका भानुभक्त ६. वर्कसपभित्र ७. पिपलान्त्री गाउँ	✓	✓	
	९. को दोषी ? १२. मारूती नृत्य एक परिचर्चा १३. पिकनिक		✓	
पद्य	१. फुटकर कविता ४. भित्री मान्छे बोल्न खोज्छ	✓	✓	
	८. इमान नै पवित्र १०. जीवन यसरी जिउनु पर्छ ११. आफूलाई छिन्ने गरौं			
द्रुतपाठ	पाठ्यपुस्तक –विविधतापूर्ण असम	✓	✓	

खण्ड	एकाइ र पाठ	अर्धवार्षिक परीक्षा (अङ्क)	वार्षिक परीक्षा (अङ्क)	कुल अङ्क
व्याकरण	पाठ्यपुस्तक – सरल नेपाली व्याकरण र रचना भाग–३ पाठ–नाम, सर्वनाम, लिङ्ग, वचन, विशेषण, पत्र लेखन–	✓	✓	
	क्रियापद। रचना–पत्रलेखन, समानार्थक शब्द, विपरीतार्थक शब्द, सारांश, कथा विस्तार। निबन्धलेखन।			
पूर्णङ्क		100		100

* Questions from each Unit/Lesson will carry marks 2-15.

A. WEIGHTAGE TO THE OBJECTS OF QUESTIONS :

Sl. No.	Sub-Unit/Lessons	Total Marks
1.	Knowledge	30
2.	Comprehension	35
3.	Expression	35

Total 100

B. WEIGHTAGE TO THE TYPE OF QUESTIONS :

Sl. No.	Sub-Unit/Lessons	Total Marks
1.	Essay/Long Answer type	30
2.	Short Answer type	35
3.	Very short answer type	35

Total 100

दसौं कक्षाको पाठ्यक्रम :

गद्य विभाग :

ऐतिहासिक घटना, खेलकुद, आत्मजीवनी, सङ्गीत, कला, संवाद लेखन, जातीय चिन्हारी, आजादीको लडाइँ, जातीय एकता र संहति, कर्म अभिज्ञता, श्रमको मर्यादा, साहित्यको विश्वजनीन आवेदन, यात्रा (भ्रम) वृत्तान्त, असमका जनजाति, स्वदेशप्रेम, वैज्ञानिक दृष्टिभङगी, जीवनी (क्षेत्रीय) महलिा / पूरूष, प्रकृति विषयक, मूल्यबोध, सम्बन्धीय, भारतीय जातीयताबोध सम्बन्धित विषय।

कविता विभाग :

आध्यत्मिक, दार्शनिक, देशप्रेममूलक, प्रकृति विषयक, हास्यरसात्मक, व्यङ्गात्मक, सनेट, प्रेममूलक।

द्रुतपाठ : विविधतापूर्ण असम

व्याकरण :

क्रिया र यसका काल, कारक र यसका विभक्ति, सन्धि, समास, करण र अकरण, शब्दका प्रकार (तत्सम, तत्यव, आगन्तुक र झर्रा आदि), चन्द्रबिन्दु र शिरबिन्दुको प्रयोग, पदयोग र पदवियोग, शुद्धीकरण, उखान तुक्का र तिनको प्रयोग, भावविस्तार, निबन्ध लेखन।

निबन्ध – चिन्तामूलक /वैज्ञानिक /उत्सव विषयक /समस्याबहुल।

५.०५ प्रत्येक पाठको अन्तमा भाषाको योग्यता विकास हुनेगरी क्रियाकलाप

संयोजन रहने छ। यसको मदतमा व्यवहारिक व्याकरणका धारणा, अनुशीलन (आध्यासिका), टिप्पणी आदि सन्निविष्ट गरिने छ।

५:०६ दसौं कक्षाका पाठहरू एकत्र एकै खण्डमा एक सय अङ्कका रहने छन्। यसमा नयाँ पुराना दुवै प्रकारका लेखकका लेखहरू गाभिएका छन्।

६:०० शिक्षण०सिक्नुको गुरूत्व :

६:०१ शिक्षणीय गुरूत्व :

पाठ आदान –प्रदानमा	–	५० प्रतिशत
क्रिया–कलापमा	–	२० प्रतिशत
व्याकरण र रचना	–	१५ प्रतिशत
व्यवहारिक क्षेत्रमा	–	८ प्रतिशत
योजना, सृजनशील कर्म	–	५ प्रतिशत
परिपूरक व्यवस्था	–	२ प्रतिशत
कुल	**-**	**१०० प्रतिशत**

६:०२ समयको गुरूत्व :

वर्षभरिका कर्मदिन २६० भित्रमा विद्यालयका विविध कामका निम्ति १९ दिन र परीक्षाका निम्ति १७ दिन छोडिदिदा पाठदानका निम्ति २२४ दिन पाइने छ। प्रत्येक सातामा छ पिरियडका दरले लिदा एक वर्षमा प्रथम भाषाका निम्ति २२८ पिरियड समय पाइने छ। पाठ आदान–प्रदानका लागि तल दिए जसरी पिरियडको निर्द्धारण गरिने छ।

गद्य – १०५ पिरियड, पद्य – ७० पिरियड, व्याकरण – ३० पिरियड र निबन्ध – १९ पिरियड।

६:०३ मूल्याङ्कनका अवधारणाहरू नमुना प्रश्न–पत्रमा सन्निविष्ट हुनेछन्।

६:०४ पाठ बहिर्भूत शिक्षणीय क्षेत्रहरू जस्तै– आकस्मिक वक्तृता (भाषण), तर्क (वाद–विवाद) प्रतियोगिता, पुस्तकालय अध्ययन, कविता लेखन, भित्रे पत्रिका, पत्रिका–अखबार पढ्नु, अन्तर्वार्ता लिनु, सांस्कृतिक कार्यक्रममा भाग लिनु, कसरत आदि सामग्रिक तथा अविराम मूल्याङ्कनको पुस्तक र शैक्षिक दिनपञ्छी आदिमा बेला–बेलामा गाभिने छ।

७:०० पाठ्यपुस्तकको योजना, कलेवर / आकार इत्यादि निर्धारण :

नवौं र दसौं कक्षाका निम्ति भित्रा–भिन्नै एक–एकवटा पाठ्यपुस्तक (साहित्य) हुनेछन्। व्याकरण दुवै कक्षाका निम्ति एउटै किताप रहने छ।

पाठ्यपुस्ककमा ७० प्रतिशत गद्य र ३० प्रतिशत पद्य रहने छ। यी दुइटा कक्षामा ४० प्रतिशत पाठ साहित्यकेन्द्रीक हुनेछ। पाठ्यपुस्तकको पृष्ठ सङ्ख्या १५० भित्र रहने छ। आकार १/८ डिमाई, अक्षर १२ प्वाइन्ट र टिप्पणी, अभ्यास, निर्देशन आदि १० प्वाइन्टमा लेखिने छ

८:०० मूल्याङ्कन:

८:०१ विद्यार्थीवर्गले हरेक कक्षामा भाषायो योग्यता कतिसम्म आर्जन गरे त्यो कुरो मूल्याङ्कनद्वारा जात्र वा नाप्न सकिन्छ। पाठ्यपुस्तक र पाठवहिर्भूत दुवै क्षेत्रमा सामग्रिक रूपमा मूल्याङ्कनको व्यवस्था रहने छ। प्रत्येकवटा एकाइको सामयिकी मूल्याङ्कनद्वारा पछौटे छात्र–छात्राको पत्तो लगाएर परिपूरक (remedial) शिक्षणद्वारा उनीहरूलाई पनि अघि बढाएर ल्यउनु पर्दछ। आर्कातिर शिक्षक/ शिक्षिकाहरूले पनि आप्नो शिक्षण पद्धति / कौशलमा रहन गएका भूल–त्रुटिहरू सँच्याई सूधारमूलक पद्धति /कौशल ग्रहण गर्न सक्नेछन्। मूल्यायनद्वारा विद्यार्थीहरूको विद्यायतनिक र सहविद्यायतनिक दुवै क्षेत्रकै मूल्यायन गरिने छ। यो पद्धति सम्बन्धमा सबै कुराहरू परिषद्‌द्वारा प्रकाशित शैक्षिक दिनपञ्जी र Continuous and comprehenshive Evaluation नामक दुई पुस्तकमा विस्तारपूर्वक लेखिएको छ।

विद्यायतनिक क्षेत्रका मूल्यायनका लागि यसरी अङ्क वितरण गरिएको छः

गद्य	–	३५
पद्य	–	२५
विस्तृत अध्ययन	–	१०
निबन्ध लेखन	–	७
व्याकरण	–	१५
वाक्य गठन, भावविस्तार दर्खास्त लेखन	–	८
मोठ अङ्क	–	१००

नेपाली मातृभाषा विषयको प्रश्नपत्रको खाका र पाठ्यक्रमको विषयवस्तु

Subject Code – 10

Class - X

कक्षा – १० **पाठ्यपुस्तक** – नेपाली साहित्य प्रवेश भाग – २

समय – ३ घण्टा पूर्णाङ्क – १००

खण्ड	एकाइ र पाठ	अर्धवार्षिक परीक्षा (अङ्क)	वार्षिक परीक्षा (अङ्क)	कुल अङ्क
गद्य	२. संस्कृति ३. अरण्ययात्रा ५. श्रीनिवास रामानुजन ६. सिक्युरिटी एक्ट	✓	✓	
	८. पु...प्पु...पुरी ९. इन्टरनेटको स्वाद १०. खाने मुखलाई जुँघाले छेक्तैन ११. एक महान साहित्यकारको आँगनमा पुगेको दिन			
पद्य	१. मेरा नजर्मा राम प्यारा छन् ४. तिनको घँसिया गीत	✓	✓	
	७. उमानन्द	✓		
	१०. मेरे भित्री मान्छे १२. उज्यालो रात			
द्रुतपाठ	पाठ्यपुस्तक – विविधतापूर्ण असम	✓	✓	
व्याकरण	पाठ्यपुस्तक – सरल नेपाली व्याकरण र रचना भाग–३		✓	

<table>
<tr><th>खण्ड</th><th>एकाइ र पाठ</th><th>अर्धवार्षिक परीक्षा (अङ्क)</th><th>वार्षिक परीक्षा (अङ्क)</th><th>कुल अङ्क</th></tr>
<tr><td rowspan="2"></td><td>All the grammar portion of class IX and the following पाठ – क्रिया र यसका काल, कारक र विभक्ति, सन्धि, करण र अकरण,</td><td>✓</td><td rowspan="2">✓</td><td rowspan="2"></td></tr>
<tr><td>समास, शब्दका प्रकार (तत्सम, तद्भव आदि)।
रचना–उखान–तुक्का र तिनको प्रयोग, चन्द्रबिन्दु र शिरबिन्दुको प्रयोग, पदयोग, र पदवियोग, शुद्धीकरण, भाव विस्तार।
निबन्धलेखन।</td><td>✓</td></tr>
<tr><td></td><td>पूर्णाङ्क</td><td>100</td><td></td><td>100</td></tr>
</table>

* Questions from each Unit/Lesson will carry marks 2-15.

पाठ्यक्रम

ऐच्छिक नेपाली NEPALI (E)

Subject Code - 26

नवौं श्रेणी

पाठ्यपुस्तक - 'नेपाली साहित्य सुधा' भाग - १

नवौं श्रेणीका लागि ऐच्छिक नेपाली साहित्यको पाठ्यपुस्तक एउटै हुनेछ यो पुस्तक १०० पृष्ठभन्दा ज्यादाको हुनै छैन।

(क) **गद्य :** देशप्रेममूलक कहानी, जातीय वैशिष्ट्यमूलक बिषय, पौराणिक कहानी असमको कुनै एउटा उत्सब, असमका कुनै एकजना महान व्यक्तिको जीवनी हास्यरसात्मक कहानी, शिक्षामूलक भ्रमण वृत्तान्त, प्राचीन असमको स्मृतिमूलक परिचय, विज्ञान विषयक पर्यावरण आदि विषयहरू पाठ्यपुस्तकमा अन्तर्भुत्त गरिनेछ।

पाठ्यहरू रचनाकालको क्रम अनुसार सजाइने छ।

(ख) **पद्य :**

रमन्यासिक युगको सरल भाषा र छन्दको वर्णनात्मक, प्रकृतिमूलक देशप्रेममूलक, नीतिशिक्षा, व्यङग्यादि विषयक कविता पाठ्यपुस्तकमा अन्तर्भुत्त हुनंछ।

गद्य-पद्य दुवै भागका पाठहरूमा लेखक-लेखिकाहरूको परिचयमूलक टिप्पर्ण हुनेछ।

गद्य-पद्य दुवै भागका पाठहरूमा लेखक-लेखिकाहरूको परिचयमूलक टिप्पर्ण सन्निविष्ट हुनेछ।

(ग) **रचना :**

१) पर्यावरण, प्रकृतिविषयक, उत्सव, विज्ञानविषयक, सामाजिक समस्यामूलक, नियात्रा, जीवनीमूलक,

खेलकुद प्रभृति विषय रचनाका विषयवस्तु हुनेछन्।

(घ) **व्याकरण :**

निम्नोल्लेखित विषयहरू भएको एउटा व्याकरण रहनेछ। (पुस्तक - सरल नेपाली व्याकरण र रचना - राजानारायण प्रधान) वर्ण, शब्द, सन्धि, संज्ञा, संज्ञाका रूपान्तर, सर्वनाम, विशोषण क्रिया, क्रियाका रूपान्तर, क्रियाका भेद, अव्यय, उपसर्ग, प्रत्यय, समास, विराम चिह्न।

१) भाव विस्तार, सारांश, पत्र/निवेदन लेखन, भूल सुधार, शब्दका विशेष प्रयोग, वाग्धारा, उखान, विषयहरूको ज्ञान

२) अनुवाद (अङ्ग्रेजीबाट नेपालीमा)

नवौं-दशौं कक्षाका लागि व्याकरण र निबन्धको पुस्तक एउटै रहनेछ।

NEPALI (E)

Subject Code - 26

श्रेणी - नवौं **पाठ्यपुस्तक - नेपाली साहित्य सुधा - भाग एक**

समय - ३ घण्टा **पूर्णाङ्क - १००**

एकाई	विषय - एकाई/पाठहरू	तोकिएको अङ्क	कुल अङ्क
१.	**पद्य :** (क) भक्तमाला (ख) मणिपुरको लडाइँको सवाई (ग) साहित्य सुधा (घ) तिहार (ङ) चाहिएको छ	✓	✓
२.	**गद्य :** (क) मेरो विद्यार्थी जीवनको साहित्यसेवा (ख) भूल (ग) अथक खेलाडी : चन्दन सिंह (घ) हाम्रो संस्कृति (ङ) पर्यावरण र प्रदूषण (च) शहीद दुर्गा मल्ल	✓	✓
३.	**व्याकरण :** सरल नेपाली व्याकरण र रचना, लेखक – राजनारायण प्रधान **पाठहरू** – वर्ण, शब्द, सन्धि, संज्ञा र संज्ञाका रूपान्तर, सर्वनाम, विशेषण, क्रिया र क्रियाका रूपान्तर तथा भेद, अव्यय, उपसर्ग, प्रत्यय, समास तथा विराम चिह्न।		✓
४.	रचना – शब्दका विशेष प्रयोग, वाग्धारा, उखान, पत्र–रचना, सारांश, भावविस्तार अनुवाद – (अङ्ग्रेजीबाट नेपालीमा)		✓

५.	**निबन्ध लेखन :**–वर्णनात्मक, विवरणात्मक, विचारात्मक) यो पर्यावरण, प्रकृतिविषयक, उत्सव, विज्ञानविषयक, सामाजिक समस्यामूलक, नियात्रा, जीवनी खेलकूद प्रभृति कूनै एक विषयक हुनु पर्ने छ।		✓
		कुल	**100**

A. WEIGHTAGE TO THE OBJECTS OF QUESTIONS :

SL. No.	Sub - Unit / Lessons	Total Marks
1.	Knowledge	30
2.	Comprehension	35
3.	Expression	35

B. WEIGHTAGE TO THE TYPE OF QUESTIONS :

SL. No.	Sub - Unit / Lessons	Total Marks
1.	Essay/Lessons	30
2.	Short Answer type	50
3.	Very short answer type	20

Total - 100

* Questions from each Unit/Lesson will carry marks 2-15.

पाठ्यक्रम

ऐच्छिक नेपाली Nepali (E)

SUBJECT CODE - 26

दशौं श्रेणी

पाठ्यपुस्तक - 'नेपाली साहित्य सुधा' भाग - १

दशौं श्रेणीका निम्ति ऐच्छिक नेपाली साहित्यको पाठ्यपुस्तक एउटै हुनेछ। यो पुस्तक एक सय पृष्ठभन्दा ज्यादाको हुने छैन।

(क) गद्यांश :

जातीय वैशिष्ट्यमूलक विषय, साहित्य-कला विषयक, विज्ञान विषयक, जातीय वा राष्ट्रिय अखण्डता विषयक, शिक्षामूलक कहानी, यात्रा संस्मरण, असमका बाहिरका कूने प्रसिद्ध व्यक्तिको जीवनी, ऐतिहासिक कहानी, नाटकको अंशाविशेष, कुपरम्परा, रूढीबुढीको संस्कार विषयक, पर्यावरण प्रदूषण आदि आदि विषयहरू पाठ्यपुस्तकमा अन्तर्भूक्त गरिने छ।

(ख) पाद्यांश -

रमन्यासिक युगको सरल भाषा र छन्दको - प्रकृति विषयक, मानव प्रेममूलक, आध्यात्मिक, भावापन्न, हास्य रसात्मक, व्यङ्यादि विषयक कविता यस पुस्तकमा अन्तर्भूक हुनेछन्।

गद्य-पद्य दुवै भागका पाठहरूमा लेखक-लेखिकाहरूका परिचयमूलक टिप्पणी सन्निविष्ट हुनेछन्।

गद्य-पद्य दुवै भागका पाठहरूमा लेखक-लेखिकाहरूका परिचयमूलक टिप्पणी सन्निविष्ट हूनेछ।

(ग) **चरना/नेबन्ध लेखन :**

(१) पर्यावरण, प्रकृति विषयक, उत्सव, विज्ञान विषयक, सामाजिक समास्यामूलक, नियात्रा, जीवनीमूलक, खेलकूद प्रभृति विषय निबन्ध (रचना) का विषयवस्तु हुनेछन्। यी विवरणात्मक, वर्णनात्मक भावनात्मक हुनेछन्।

(घ) **व्याकरण :**

व्याकरणमा तलका पाठहरू रहनेछन्।

(i) वर्ण, शब्द, सन्धि, संज्ञा र संज्ञाका रूपान्तर, वाच्य, सर्वनाम विशेषण, काल, कालका भेद, क्रिया, क्रियाका भेद, अव्यय र यसका भेद समास, उक्ति, उपसर्ग, प्रत्यय, विराम चिह्न, पदयोग, पदवियोग, करण, अकरण तद्‌भव, तत्सम् र आगतन्तुक शब्द र यिनको प्रयोग, निपात र यसको प्रयोग चन्द्रविन्दु र शिरविन्दुको प्रोयग।

(ii) **रचना** - शब्दका विविध प्रयोग, वाग्धारा र तुक्का-ऊखान, शुद्धीकरण वाक्यरचना, सारांश, भावविस्तार आदि विषयहरूको ज्ञान।

(iii) **अनुवाद** (अङ्ग्रेजीबाट नेपालीमा)

नवौं-दशौं कक्षाका निम्ति व्याकरण र निबन्धको पुस्तक एउटै रहनेछ।

NEPALI (E)
Subject Code - 26

श्रेणी - दशौं　　　　　　　　　　पाठ्यपुस्तक - नेपाली साहित्य सुधा - भाग २

समय - ३ घण्टा　　　　　　　　　　　　　　　　　　पूर्णाङ्क - १००

एकाई	विषय - एकाई/पाठहरू	तीकिएको अङ्क	कुल अङ्क
१.	**पद्य :** (क) रामायण शिक्षा (ख) घाँसी (ग) भाषा (घ) शङ्कर बन्दना (ङ) लड वीरबहादुर, तिमी लड (च) तिम्रो आगमनले	✓	✓
२.	**गद्य :** (क) के गर्छस् मङ्गले आफ्नै ढङ्गले (ख) लोकजीवन र नेपाली संस्कृति (ग) कम्पुटर – एक छोटी परिचय (घ) दुरूङ पाँडे (ङ) मान्छेको दिमागमा बसेको काती (च) पर्यावरणको सुरक्षा	✓	✓
३.	**व्याकरण :** सरल नेपाली व्याकरण रचना, लेखक – राजनारायण प्रधान All the grammar portion of class IX and the following **पाठहरू –** शब्द, सन्धि, समास, क्रियाका काल, चन्द्रबिन्दु र शिरबिन्दुको प्रयोग, करण र अकरण, क्रिया बिशेषण, पदयोग र पद वियोग, लिङ्ग, तत्सम्, तद्भव र आगन्तुक शब्द र यिनको प्रयोग, निपात र यसको प्रयोग, उक्ति, अव्यय र यसकी प्रयोग।		✓

४.	रचना – शब्दका विविध प्रयोग, वाग्धारा र तुक्का-उखान, सुद्‌धोकरण, वाक्यरचना, अनुवाद, सारांश, भावविस्तार।		✓
५.	**निबन्ध लेखन :** (वर्णनात्मक, विवरणात्मक, विचारात्मक) यो पर्यावरण, प्रकृतिविषयक, उत्सव, विज्ञानविषयक, सामाजिक समस्यामूलक, नियात्रा, जीवनीमूलक, खेलकूद प्रभृति कुनै एक विषयक हूनू पर्ने छ।		✓
	कूल		**100**

A. WEIGHTAGE TO THE OBJECTS OF QUESTIONS :

SL. No.	Sub - Unit / Lessons	Total Marks
1.	Knowledge	30
2.	Comprehension	35
3.	Expression	35

100

B. WEIGHTAGE TO THE TYPE OF QUESTIONS :

SL. No.	Sub - Unit / Lessons	Total Marks
1.	Essay/Lessons Answer type	30
2.	Short Answer type	50
3.	Very short answer type	20

Total - 100

* Questions from each Unit/Lesson will carry marks 2-15.

Study Materials

aglasem.com

Model Papers

Sample Papers

Half Yearly Sample Papers

Important Resources

Periodic Table

Writing Skills / Formats

Maps of India / World

Notes

- [ ] Class 6 Notes
- [ ] Class 7 Notes
- [ ] Class 8 Notes
- [ ] Class 9 Notes
- [ ] Class 10 Notes
- [ ] Class 11 Notes
- [ ] Class 12 Notes

Books and Solutions

NCERT Books

NCERT Book Solutions

HC Verma Chapter Wise Solutions

RD Sharma Solutions

CGBSE Solutions